आज मिति २०८१।०६।१४ गते सोमवारका दिन यस खाँडादेवी गाउँपालिका गाउँ विपद व्यवस्थापन समितिको बैठक समितिको संयोजक एवं गाउँपालिका अध्यक्ष श्री ज्ञान कुमार श्रेष्ठको अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो।

तपसिल

१.संयोजक श्री ज्ञान कुमार श्रेष्ठ

२. उपाध्यक्ष श्री रमा घिसिङ

३.प्रप्रअ श्री पदम बहादुर बस्नेत

४. सदस्य श्री राम कुमार श्रेष्ठ

५.सदस्य श्री केशव कुमार प्रधान

६.सदस्य श्री पुस्कर कुमार कार्की

७. सदस्य श्री कृष्ण प्रसाद पौडेल

८. सदस्य श्री मनोज पौडेल

९. सदस्य श्री नारायण कार्की

१०. सदस्य श्री सिरे तामाङ

११.सदस्य श्री जंगलाल तामाङ

१२.सदस्य श्री अक्कल बहादुर भण्डारी

१३.सदस्य श्री ध्यान बहादुर मोक्तान(उध्योग वाणिज्य प्रतिनिधी)

१४.ईप्रका प्रमुख श्री ~~मौस्क~~ गम्भिर उप्रेती

१५.पूर्वाधार शाखा प्रमुख श्री रामचन्द्र ढुंगेल

१६.प्रशासनशाखा प्रमुख श्री कुमार पाठक

१७सदस्य सचिव श्री ओम प्रकाश श्रेष्ठ

अन्य उपस्थिति

१. कार्यपालिका सदस्यः सानुकान्छी खड्का

२.कम्प्युटर सहायक अपरेटर बियानी सिंजाली

प्रस्तावहरु

१. विस्थापित घरधुरीलाई राहत वितरण सम्बन्धमा ।
२. वडा कार्यालयलाई क्षतिको विवरण संकलन गर्न पत्राचार गर्ने सम्बन्धमा ।
३. अनुमानित सुत्केरी हुने मिति नजिक रहेको गर्भवतिको व्यवस्थापन सम्बन्धमा।
४. सडक संचालन सम्बन्धमा ।
५. विपद व्यवस्थापनका लागि आवश्यक सामग्री व्यवस्थापन सम्बन्धमा।
६. लिफ्ट खानेपानि मर्मत तथा संचालन सम्बन्धमा।
७. राहतका लागि लायन्स क्लव लगायत संघसंस्थालाई अनुरोध गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८१।०६।१० देखि १२ गतेसम्मको अविरल वर्षाले बाढी पहिरोको कारण क्षति भई घरवार विहिन तथा अन्य स्थानमा बसोबास गर्ने विकल्प नभएको घरधुरीलाई तपसिल बमोजिम राहत वडाबाट विवरण माग गरी वितरण गर्ने निर्णय गरियो।
   तपसिल
   क) चामल- २ बोरा प्रति घरधुरी
   ख) तेल- २ लिटर प्रति घरधुरी
   ग) आयोनून- १ केजी प्रति घरधुरी
   घ) दाल — ३ केजी

   क्षति भएका बस्न योग्य नभएका घरधुरीलाई राष्ट्रिय विपद न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अस्थायी आवास तथा निजी आवासको लागि गाउँ विपद व्यवस्थापन समितिमा निर्णय गरी जिल्ला विपद व्यवस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा बाढी पहिरोले भएको क्षतिको विवरण संकलन गर्न वडा कार्यालयलाई ३ (तीन) दिनभित्र संकलन गरी पालिकामा विवरण बुझाउन पत्राचार गर्ने निर्णय गरियो।
३. प्रस्ताव नं ३ माथि छलफल गर्दा हाल सडक अवरुध्द भएकोले अनुमानित सुत्केरी हुने मिति नजिक रहेको गर्भवतिलाई नजिकको बर्थिङ सेन्टर तथा मन्थली ,रामेछाप अस्पतालमा रहेको

वेटिङ होममा बस्ने व्यवस्थाको लागि सूचना प्रवाह गर्ने र पालिका भित्र रहेको बर्थिङ सेन्टरमा बस्न खानको व्यवस्था गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा हाल अविरल वर्षाको कारण अवरुध्द भएको मूल सडक,वडा कार्यालय,स्वास्थ्य संस्था र विद्यालय जाने सडक संचालन गर्न आवश्यक प्रकृया अपनाई तत्काल सडक मर्मत,सरसफाई गर्ने र कार्यपालिकाको बैठकबाट अनुमोदन गरी भुक्तानी दिने व्यवस्था गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा विपद व्यवस्थापन गर्न आवश्यक तपसिलका सामग्रीहरु तत्काल व्यवस्थापन गर्नु पर्ने भएकोले खरिद गरी व्स्थापन गर्ने निर्णय गरियो।

तपसिल

क) चेन स -१ थान

ख) हेलमेट- ५ थान

ग) बुट- ५ सेट

घ) बन्चरो- १थान

ङ) ग्लोभ्स -५ थान

च. इलाका प्रहरी कार्यालयलाई संचार साधनलाई रिचार्ज गर्ने सोलार सिस्टम थान-१ खरिद गरिदिने।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा भिरपानि पकरबास लिफ्ट खानेपानी आयोजना स्किम नं १ र २ तथा कोशी किनारमा रहेका वस्तीहरुको लिफ्ट खानेपानीको क्षति प्राविधिक ईस्टिमेटको आधारमा आवश्यकता र बजेटको सीमाको आधारमा विपद व्यवस्थापनको बजेटबाट खर्च गर्ने गरी मर्मत संभार गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकामा अविरल वर्षाको कारण विपदजन्य घट्ना घटेकोले राहत लगायत आवश्यक सहयोगका लागि लायन्स क्लव लगायत अन्य संघसंस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो।